# शिक्षामा पहुँच

नेपाल ग्रामीण पुनर्निर्माण संस्था/बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रमको अर्ध-वार्षिक प्रकाशन (संख्या २, मंसीर-बैसाख २०६८)

## सामुदायिक अध्ययन केन्द्रहरूलाई सहयोग

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)द्वारा संचालित गरीब, विपन्न तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा कार्यक्रम अन्तर्गत दोलखा जिल्लाका मिर्गे, झुले, गैरिमुदी, भिरकोट र ठूलोपातलका सामुदायिक अध्ययन केन्द्रहरूको सुद्धृढिकरणका लागि पत्येकलाई ३ थान कम्प्युटर र १ थान प्रिन्टर गरी जम्मा १५ थान कम्प्युटर र ५ थान प्रिन्टर एक समारोहका बीच गत चैत ७ गते आरआरएनका अध्यक्ष डा. अर्जुन कार्कीले हस्तान्तरण गर्नुभयो ।

गैरीमुदी गाविस स्थित जनज्योती उच्च मा.वि.को ४९औं बार्षिकोत्सवको सन्दर्भमा आयोजित कार्यक्रम विद्यालय व्यवस्थापन समितिका सभापति प्रेम पाखीनको अध्यक्षता तथा दोलखा जिल्ला शिक्षा अधिकारी गेहनाथ गौतमको आथित्यमा सम्पन्न भएको थियो । समारोहका प्रमुख अतिथि डा. कार्कीले ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयको शिक्षामा गुणस्तर अभिवृद्धि गरी सामुदायिक अध्ययन केन्द्रहरू




*आरआरएनका अध्यक्ष डा. अर्जुन कार्की स्थानीय विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई प्रशंसापत्र प्रदान गर्नुहुदै (दोलखा)*

मार्फत् ग्रामीण समुदायका बालबालिका, युवा तथा जनतालाई सूचना तथा सञ्चार, बालअधिकार तथा समयसापेक्ष परिवर्तन भइरहेका नविनतम बालमैत्री शैक्षिक सिकाई तथा शैक्षिक गतिविधिहरू इन्टरनेट प्रविधिमार्फत् परिचित गराई लाभान्वित गराउनु पर्ने कुरा बताउनुभयो । साथै उहाँले समग्र विकासका लागि गुणस्तरीय ग्रामीण शिक्षाको आवश्यकता र त्यसका लागि समुदाय, शिक्षक, अभिवाभवकको ठूलो जिम्मेवारी हुने कुरा माथि जोड दिनुभयो ।

जिल्ला शिक्षा अधिकारी गौतमले सामुदायिक विद्यालयहरूको गुणस्तरीय शिक्षा र सामुदायिक अध्ययन केन्द्रहरूको सुद्धढिकरणमा अपुग सरकारी सहयोग माथि आरआरएनले पुऱ्याएको योगदानको प्रसंशा गर्नुभयो ।

उक्त अवसरमा विद्यालयका प्रधानाध्यापक धर्मानन्द दाहाल सहित विद्यालयका लागि विशेष योगदान पुर्‍याउनु हुने व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा पाँचवटै गाविसका सामुदायिक अध्ययन केन्द्रका पदाधिकारी, विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षकहरू र नागरिक समाज प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

आरआरएनले नेपाल सरकारको विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई सहयोग पुऱ्याउने उद्देश्यले सामुदायिक विद्यालयहरूको शिक्षामा गुणस्तर सुधार गर्न, सामुदायिक अध्ययन केन्द्रहरूको सुद्धिढिकरण गर्न र गरीब बालबालिकाहरूलाई शिक्षामा पहुँच दिलाउने उद्देश्यले देलखा लगायत रामेछाप र सिन्धुपाल्चोकका ५/५ गाविसहरू गरी १५ गाविसहरूमा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

### यस अंकमा

- शिक्षामा गुणस्तर बृद्धि गर्न भूमिका र जिम्मेवारीको सवाल
- सामुदायिक विद्यालयहरूमा पूर्व बालविकासको महत्व
- गुणस्तरीय शिक्षा सबैको अधिकार
- शिक्षामा गुणस्तर सुधार्न जागरुकता देखिन थाल्यो
- परियोजना गतिविधि
- साथमा अन्य नियमित स्तम्भहरू

# युरोपियन यूनियन र साझेदार संस्थाहरू बीच अनुभव आदानप्रदान

युरोपियन यूनियनको सहयोगमा विभिन्न ४ राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरूद्वारा संचालित विपन्न तथा जोखिममा परेका बालबालिका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सहयोग कार्यक्रमको एक वर्षको अनुभव आदानप्रदान गर्ने गोष्ठि गत फागुन १० गते सम्पन्न भएको छ ।

युरोपियन यूनियनका साझेदार संस्थाहरूको सयुक्त आयोजनामा उक्त गोष्ठि आरआरएनको केन्द्रीय कार्यालय गैरीधारामा भएको थियो ।




उक्त कार्यक्रममा युरोपियन यूनियनको तर्फबाट नेपालका लागि प्रतिनिधि मण्डलका कार्यक्रम व्यवस्थापक लुइज बन्हामले अनुभाव आदान-प्रदान कार्यक्रमको उद्देश्यका बारेमा जानकारी गराउनुभएको थियो भने नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) का कार्यक्रम निर्देशका रत्न कार्कीले सहभागीहरूलाई स्वागत गर्नुभएको थियो ।

गोष्ठिमा इयुका साझेदार संस्थाका प्रतिनिधिहरू- आरआरएनका कार्यक्रम व्यवस्थापक भानु पराजुली, भिएसओका कार्यक्रम व्यवस्थापक राजकुमार गन्दर्भ, नौलोघुम्तीका कार्यक्रम निर्देशक रामप्रसाद ज्ञवाली र किर्डाकका कार्यक्रम संयोजक राजाराम श्रेष्ठले आ-आफ्नो संस्थाद्वारा संचालन भएका कार्यक्रमका गतिविधि, उपलब्धी तथा अनुभावहरू प्रस्तुत गरेका थिए ।

कार्यक्रममा भिएसओका शिक्षा सहल्लाहकार जिमी ओस्ट्रमले नेपाल सरकारको विद्यालय क्षेत्र सुधार कार्यक्रमको अवस्था, चुनौती र सम्भावनाबारे प्रस्तुति गर्नुभयो भने सेभ द चिल्ड्रेनका ध्रुब देवकोटा र हेन्डीक्याप इन्टरनेसनलका दुलाराज चिमोरियाले बालबालिका तथा अपाङ्ग र शिक्षामा प्रकोप जोखिम न्यूनिकरण बारेका आधारपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा युरोपियन यूनियनका वित्त विभागका प्रतिनिधिले कार्यक्रमहरूको वित्त नीतिका बारेमा सल्लाह दिएका थिए ।

कार्यक्रममा युरोपयन यूनियन र साझेदार संस्था तथा नागरिक समाजका ३६ जना प्रतितिधि सहभागी थिए ।

युरोपयन यूनियनको सहयोगमा नागरिक समाजका संस्थाको पहलमा नेपाल सरकारको विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई सहयोग पुर्‍याउने उद्देश्यले नेपालका १४ जिल्लाहरूमा समावेशी तथा गुणस्तरीय शिक्षा सहयोग कार्यक्रम विगत एकवर्षदेखि संचालनमा रहेका छन् ।

# गुणस्तरीय शिक्षाका लागि शैक्षिक सामग्री सहयोग



गुणस्तरीय शिक्षा सहयोग कार्यक्रम अन्तर्गत सामुदायिक अध्ययन केन्द्रहरूको सुद्धढिकरण लागि सिन्धुपाल्चोक जिल्लाका पाँच गाविसहरू- दुवाचौर, बाँसखर्क, बरुवा, थांकपालधाप र थांकपालकोटका ५ बटा गाविसस्तरिय सामुदायिक अध्ययन केन्द्र र ८ वटा सामुदायिक विद्यालयका लागि २४ थान कम्प्युटर, ५ थान प्रिन्टर, फर्निचर र पुस्तकालय व्यवस्थापनका लागि जीवन उपयोगी किताब तथा शैक्षिक सामग्रीहरू प्रदान गरियो ।

यसैगरी उक्त प्रयोजनका लागि ३९५ जना गरीब तथा विपन्न बालबालिकका लागि छात्रवृत्ति अन्तर्गत विद्यालय पोशाक, झोला र शैक्षिक समाग्री सहयोग गत चैत्र २५ र २७ गते हस्तान्तरण गरियो ।

उक्त सहयोग हस्तान्तरण कार्यक्रम दुवाचौर गाविस, सिन्धुपाल्चोमा आरआरएनका कार्यक्रम व्यवस्थापक भानु पराजुलीको प्रमुख आतिथ्यमा चाइल्ड नेपालका अध्यक्ष कृष्ण सुवेदी लगायत समुदायका पदाधिकारी, अभिभावक, शिक्षक तथा विद्यार्थीहरूको उपस्थितिमा सम्पन्न भएको थियो ।

सोही अवसरमा जिल्ला शिक्षा कार्यालयको छात्रवृत्ति वितरण गर्ने कार्य पनि स्रोत व्यक्ति भीम कार्की र भरत नेपालले गर्नुभएको थियो ।

# शिक्षामा गुणस्तर बृद्धि गर्न भूमिका र जिम्मेवारीको सवाल



– **भानु पराजुली,** कार्यक्रम व्यवस्थापक, आरआरएन

शैक्षिक वर्ष २०६८ सालको भर्ना अभियान अन्तर्गत विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा स्वागत कार्यक्रम सकिएको छ। विपन्न र सीमान्तकृत क्षेत्रका बालबालिकाहरूको शिक्षामा पहुँच कम रहेको परिदृष्यमा सबैका लागि शिक्षा कार्यक्रम र विद्यालय क्षेत्र सुधार कार्यक्रमले यसमा सघाएका छन्। सामुदायिक हुन वा निजी विद्यालय आफ्ना बालबालिकाको भविष्य गाँसिएको शिक्षाका कुरामा अभिभावकहरू सचेत नभएका पनि होइनन्। आर्थिकस्तर अनुसार आफ्ना बालबालिकालाई कहाँ पढाउने भन्ने अभिभावकको स्वतन्त्रता र निजी क्षेत्रका विद्यालयहरूलाई सरकारले दिएको स्वायत्तता कारण हुने खानेका बालबालिका निजी र हुँदा खानेका सामुदायिक तथा सरकारी विद्यालयमा पढाउने चलन आम बनेको छ। नेपालको दुईखाले शिक्षा नीतिले ल्याएको शिक्षामा आएका सकारात्मक वा नकारात्मक प्रभावहरूबारे भिन्दै विश्लेषणको पाटो हुनसक्छ। तर, यस आलेखमा नेपालका अधिकांश ग्रामीण क्षेत्रका करिब ३० हजारको संख्यामा रहेका सामुदायिक विद्यालयहरूले दिने शिक्षामा पहुँच र गुणस्तर कायम गर्न चालिने व्यवस्थापकीय भुमिका र जिम्मेवारीका बारेमा चर्चा गर्न खोजिएको छ।

शिक्षामा पहुँच दिलाउने सन्दर्भमा शिक्षाका लागि खाद्य, खाजा तथा लिटो कार्यक्रम पनि नचलेका होइनन्। जसले क्षणिक भएपनि विद्यालयहरूमा विद्यार्थीको चाप बढ्न गएर कक्षाकोठाको अपर्याप्तताले बालबालिकाहरू जोखिमपूर्ण अवस्थामा पठनपाठन गरेका थुप्रै समाचार छापामा आउने गर्दछन्। यसको अर्थ हो बालबालिकालाई विद्यालयमा ल्याउनु मात्र ठूलो उपलब्धी नहुने रहेछ, तिनलाई बालमैत्री शिक्षण तथा सिकाई साथै कक्षाको वातावरणले टिकाइरहन सक्नुपर्ने कुरा मुल्यावान हुँदो रहेछ। निजी विद्यालयहरू महंगो भएपनि अभिभावकहरू ल्याकतले भ्याएसम्म बालबालिका त्यतै पढाउन लालायित देखिन्छन्। यसको एकमात्र कारण हो गुणस्तरीय शिक्षा। तर तीनै निजी विद्यालयहरूले कुन हद्सम्म बालमैत्री वातावरणमा बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा दिन सकेका छन् भन्ने कुराको अनुगमन र मूल्यांकनको पाटो यद्यपि छाँयामै छ। यसमा अभिभावकहरूको सस्कार र मानसिकता जोडिने गरेको छ। आकर्षक नारा, रङ्गीचङ्गी पोस्टर, पम्प्लेट र महंगो शुल्क भएपछि राम्रो पढाइ हुन्छ भन्ने छ जुन गलत सावित हुँदैछ।

सरकारले सरकारी विद्यालयहरूलाई समुदायमा हस्तान्तरण गरी रहेको छ। स्थानीयस्तरमै विद्यालय समुदायले आफ्नो विद्यालयको शैक्षिक उन्नतिका लागि स्वतन्त्र भएर कार्य गर्न सकून् र स्रोतसाधनको उच्चतम उपयोग गर्न सकून भन्ने उद्देश्यभित्र गुणस्तरीय शिक्षाको अभिवृद्धि हुने कुरा लुकेको छ। त्यसैले आमरुपमा विद्यालयको पठनपाठनको उपयुक्त वातावरणमा निर्माण गर्नमा अभिभावकहरूकै मुख्य भूमिका र जिम्मेवारी रहेको छ।

**विद्यालय व्यवस्थापन समितिः** नेपाल सरकारको शिक्षा ऐनको दफा १०मा विद्यालयहरूको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहने प्रावधानछ। समितिका काम, कर्तव्य र अधिकारसमेत उक्त दफामा उल्लेख गरिएको छ। अभिभावकहरूले प्रथमतः उक्त समिति विद्यालयमा गठन भए नभएको एकिन गर्नुपर्छ भने कसरी गठन भएको छ त्यो महत्वपूर्ण सवाल बन्नसक्छ। अवश्य पनि गुणस्तर शिक्षा र विद्यालयको सर्वोत्तम हितका लागि राजनीतिक निर्णय र हस्तक्षेप स्वीकार्य हो तर कुन किसिमको राजनीतिक हस्तक्षेप आवश्यक हो अभिभावकहरू सचेत बन्नैपर्छ। आफुले गठन गरेको समितिलाई बेलाबेला सुझाव र सल्लाह दिनुपर्छ।

**विद्यालय अनुमति तथा स्वीकृतिः** शिक्षा नियमावालीको परिच्छेद २ का विभिन्न नियममा विद्यालयको अनुमति र स्वीकृति तथा विद्यालयले पालना गर्नुपर्ने नियमहरूको सन्दर्भमा व्यवस्था गरिएको छ। उक्त नियमको परिधिमा रही विद्यालयहरू खोलिएका वा कक्षोन्नति गरिएका छन् छैनन् भन्ने कुरा अभिभावकले बुझ्न जरुरी छ। अनुमति र स्वीकृति नलिएका विद्यालयहरूबाट सेन्टअप टेस्ट गरेका विद्यार्थिहरूले एसएलसी परिक्षा दिन नपाएका उदाहरणहरू छन्। त्यस्ता विद्यालयहरूको प्रमाणपत्रका आधारमा अन्य विद्यालयले भर्ना नलिएका दृष्टान्तहरू पनि छन्।

**विद्यालयको भौतिक सुविधाः** विद्यालयको भौतिक सुविधाले उक्त विद्यालयले प्रदान गर्ने शिक्षा गुणस्तरीय छ वा छैन भनेर मापन गर्न पनि सकिन्छ। कुनै गुणस्तरयुक्त विद्यालयमा प्रति विद्यार्थी करिब एक वर्ग मीटरको दरले सम्पूर्ण विद्यार्थीका लागि पुग्ने क्षेत्रफल भएको कक्षा कोठा, विद्यार्थीको उमेर अनुसार उपयुक्त डेक्सबेञ्च, लेख्ने पाटी, पर्याप्त शैक्षिक सामग्री, उपयुक्त प्रकाश पुग्ने र दोहोरो हावा चल्ने कक्षा

कोठा, विद्यार्थीको अनुपातमा स्वच्छ खानेपानीको प्रबन्ध, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेल्ने मैदान तथा खेल सामग्रीको उचित व्यवस्थ, विद्यालयको हातामा घेराबार गरिएको, भौतिक सुविधा सम्पन्न विद्यालय गुणस्तर युक्त विद्यालय अन्तर्गत पर्दछ ।

**शिक्षकको पर्याप्तताः** विद्यालयमा विद्यार्थीको अनुपातमा सक्षम, योग्य तथा तालिमप्राप्त शिक्षकको व्यस्था हुनु अति आवश्यक छ । नेपाल सरकारले हिमाल, पहाड र तराईमा विद्यार्थी शिक्षकको अनुपात कायम गरेको छ । बालमैत्री र कक्षाकोठा व्यवस्थापनमा शिक्षकको अहम् भूमिका हुँदा सो वातावरण निर्माणमा टेवा पुग्ने तालिमको व्यवस्था आवश्यक छ भन्ने कुराको हेक्का अभिभावहरूलाई पनि हुन जरुरी छ। सोही अनुरुप विद्यालय व्यवस्थापन समितिसँग बसेर योजना बनाउनु पर्छ । विद्यालयको शैक्षिक प्रशासन सुचारु गर्न पनि योग्य जनशक्तिको आवश्यक पर्दछ ।

**विद्यालयको शुल्क व्यवस्थाः** सरकारले आधारभूत शिक्षा निःशुल्क गरेको छ । पाठ्यपुस्तकहरू पनि अब कक्षा १० सम्म निःशुल्क दिने भएको छ । शिक्षा नियमावालीको नियम १४६ मा विद्यालयले लिन पाउने शुल्क तथा धरौटीको बारेमा प्रष्ट व्यवस्था गरेको छ । विद्यालयको सम्पूर्ण अवस्थाको मूल्यांकन गरी जिल्ला शिक्षा कार्यालयबाट चार वर्गमा श्रेणीकरण भएका विद्यालयहरूले आ-आफ्नो श्रेणी अनुसारको शुल्क विद्यार्थीबाट लिन पाउने कानूनी व्यवस्था भए पनि आफुखुसी शुल्क उठाउने गरेका छन् । तसर्थ प्रत्येक अभिभावकले निजी हुन् या सरकारी विद्यालयले उठाउने शुल्क नियमानुसार स्वीकृत भएको छ छैन बुझ्न जरुरी हुन्छ । नियमित एउटै विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले माथिल्लो तहमा जाँदा भर्ना शुल्क तिर्नुपर्ने तर कक्षोन्नति हुँदा भर्ना शुल्क तिर्न नपर्ने कानुनी व्यवस्था भए पनि अधिकांश विद्यालयले विभिन्न बहानामा यस्तो शुल्क लिँदै आएको पाइन्छ । कानुनले लिन नपाउने शुल्क नतिर्न अभिभावहरू सचेत रहनुपर्छ ।

**सिकाइ वातावरणः** विद्यालयमा कलिलो र उर्वर मस्तिष्क भएका बालबालिकाहरू अध्ययन गर्न आउँछन् । तसर्थ विद्यालयको सिकाइ वातावरण बालमैत्रीपूर्ण हुनुपर्दछ । यस्तो वातावरणको सृजनामा सबै पक्षको सहयोगको आवश्यकता पर्दछ । विद्यालयको भौतिक सम्पन्नता, योग्य एवं दक्ष शिक्षकबाट मात्र बालमैत्रीपूर्ण सिकाइ सम्भव हुने भएकाले विद्यालय यस्तो अवस्थामा छ छैन अभिभावक चनाखो हुनुपर्ने हुन्छ । त्यसका लागि अभिभावक शिक्षक संगठन मार्फत विद्यालय व्यवस्थापन समितिलाई योजना निर्माण, कार्यन्वयन तथा अनुगमन तथा मूल्यांकनसम्म सहयोग पनि गर्ने र त्यस दिशामा अगाडि बढ्न बेलाबेलामा झकझकाउनु पनि पर्दछ ।

**विद्यालय सुशासन तथा शान्ति क्षेत्रः** विद्यालय समुदायले महसुस गर्ने गरी विद्यालयका क्रियाकलापको पारदर्शिता हुन जरुरी छ । आफ्ना केटाकेटी पढ्ने विद्यालयको अवस्था, त्यहाँको प्रशासन र व्यवस्थापनमा समावेशीता र पारदर्शिताले नै विद्यालयप्रति अभिभावक र आम सरोकारवालाहरूको चासो र रुची बढाउने हुँदा स्थानीय नागरिक समाज, बाल क्लब, युवा क्लब, आमा समूहहरूको सक्रिय सहभागिता र सहकार्य बढाउन जरुरी छ । बालअधिकार र मानवअधिकारका विषयवस्तुहरूमा सबै सचेत बन्न आवश्यक छ । शिक्षाबाट नै हरेक व्यक्ति सिर्जनशील, चिन्तनशील, एवं उत्पादनशील हुने हुँदा प्रत्येक अभिभावले हरेक विद्यालयबाट स्तरीय शिक्षाको अपेक्षा गर्नु स्वाभाविक हो । त्यसैले विद्यालयमा पर्याप्त मात्रामा पुस्तक भएको पुस्तकालय, सरोकारवालाहरूलाई विद्यालय योजना निर्माण तथा कार्यन्वयनमा सहभागी गराइएको विकेन्द्रित शैक्षिक व्यवस्थापन हुनुपर्दछ । स्थानीयस्तरका राजनीतिक पार्टीहरू, नागरिक समाज, बाल क्लब तथा युवा क्लब सबै मिलेर विद्यालयलाई शान्ति क्षेत्रका रुपमा विकास गरी कार्यन्वयनमा जुट्नुपर्छ ।

अन्त्यमा हरेक अभिभावले गुणत्मक शिक्षाबाट आफ्ना नानीहरूलाई सुयोग्य, सक्षम र सिर्जनशील बनाउन विद्यालय तहदेखि नै तहअनुसारको उपयुक्त पाठ्यपुस्तक, पर्याप्त भौतिक सुविधा, खानेपानी र सरसफाई, उचित शैक्षिक सामग्रीको प्रयोग, दक्ष शिक्षक व्यवस्था, अभिभावको सक्रियता, बालमैत्रीपूर्ण कक्षाकोठा, विद्यालयको बाह्य वातावरणको उपयुक्तता लगायतका विषयहरू जनकारी राख्नैपर्ने हुन्छ ।

## कलिलो जीवनको शिक्षा पहुँचको संघर्ष

म कक्षा एकमा पढ्दै गर्दा आमा र बुबाको बीच सम्बन्ध बिच्छेद भयो । अनि बुबा काठमाडौंमा र आमा मामाघरमा बस्न थाल्नुभयो । म धेरैजसो मामाघरमा ममी र हजुरआमासँगै र कहिलेकाँहि हजुरबा-आमा र काकासँग बस्न थाले । घरको वातावरण सहज नभए पनि काकाको आग्रहले विद्यालय गइरहें । आमा स्वास्थ्य स्वयंसेवीका भएकाले उहाँले ल्याईदिएका कापी र पेन्सिलले मलाई पढाइमा टेवा पुगिरहेको थियो । बुबा पहिले प्रहरी अनि पछि छाडेर जनमुक्ति सेनाको शिबीर शक्तिखोरमा गएको गाउँमा सुनिन्थ्यो । खै के भएर हो त्यहाँबाट पनि फर्किएर आमालाई घरमै ल्याउनु भयो र सँगै बस्न थाल्यौं । बुवाको जागिर छैन, खेतीबाट खान पुग्दैन । हाले आरआरएन संस्थाले छात्रवृत्ति स्वरुप ब्याग, ड्रेस र कापी-कलमहरू दिएपछि पढाइमा सजिलो भएको छ । हामी जस्तो आर्थीक समस्या परेका बालिकाहरूलाई निःशुल्क शिक्षाको व्यवस्थाको साथसाथै कापी कलम,ड्रेस खाजाको व्यवस्था भए म जस्तै कैयन गाउँका साथीहरुले पढ्ने अवसर पाउने थिए ।

**-सम्झना अधिकारी**, कक्षा-६
श्री कालीदेवी नि.मा.वि. मिर्गे ४ पाइले, दोलखा

# सामुदायिक विद्यालयहरूमा पूर्व बालविकासको महत्व



**रत्न उप्रेती**, इसिडी सल्लाहकर, सिएन

गुणस्तरीय शिक्षाको जग भनेको पूर्व बालविकासको अवस्था हो । बालकको चौतर्फी विकास आमाको गर्भावस्थादेखि नै सुरु हुन्छ । विद्यालय भर्ना हुने उमेर सम्ममा ९५% बौद्धिक विकास भैसकेको हुन्छ । बालबालिकाको शैक्षिक विकास भनेको बालबालिकाको संवेगात्मक मनोविज्ञानमा आधारित भई शिक्षा दिनु जरुरी छ । आज सरकारी र निजी क्षेत्रका विद्यालयहरूमा पनि त्यो किसिमको शिक्षा विकास हुन सकिरहेको छैन । घर परिवारमा पनि नानीहरूका बारेमा चेतनाको अभाव देखिएको छ । भाषिक विकासको पहिलो चरण आमा नै हुन् । आमा सचेत भएमा बालबालिकाको भावनात्मक विकास भई बालबालिकामा डर, त्रास जस्ता संवेगात्मक विकासमा बाधा पर्न जाने प्रकारका गलत परिणामहरू आउन सक्दैनन् । आमाहरूबाट आफ्नो सहजताको लागि बालबालिकालाई 'बाबु नरोऊ बुजिले खान्छ' भन्ने जस्ता शब्द प्रयोग गरिन्छ । यसो गर्दा भावनात्मक विकासमा असर परी त्यो बालक कुण्ठित मनस्थितिको हुन जान्छ । अर्को कुरा बालबालिका अत्यन्त जिज्ञासु हुन्छन् । यस्तो अवस्थामा बालबालिकाले आफ्ना अविभावकसँग विभिन्न प्रश्न गरिरहन सक्छन् । त्यस्तो प्रश्नको उत्तर दिनुको सट्टा झर्को मानी गाली गर्ने तथा गलत सन्देश दिने गर्नु हुँदैन । यसले दूरगामी असर पर्दछ ।

## बालमैत्री वातावरण

बालबालिकाहरूका लागि विद्यालयमा उपयुक्त वातावरणमा शिक्षा दिनु जरुरी छ । त्यसका लागि बालमैत्री शिक्षा प्रणाली आजको आवश्यकता हो । शिक्षाको प्राथमिकता बालबालिकाहरूलाई आत्मविश्वासी बनाउनु हो । यसबाट तात्कालिन रूपमा वयस्कहरूलाई आफ्ना कुरा लाद्न नपाएको महसुस भएपनि शिशुले आफ्नो चाहना र दक्षतालाई मुखरित गर्न सक्छन् । पूर्व बालविकास केन्द्रमा तीनवर्ष उमेरदेखि भर्ना लिइन्छ । पहिलो वर्ष उनीहरू प्लेग्रुप कक्षामा बस्छन् । यसमा उनीहरूलाई विद्यालय जानका निमित्त अभिप्रेरित गरिन्छ र आधारभूत कुराहरू सिकाइन्छ । त्यसपछि अर्को वर्षको एल.केजी कक्षाबाट सामान्य पाठ्यक्रम र पाठ्यपुस्तकलाई पनि खेलको माध्यमबाट प्रयोगात्क शैलीमा प्रशिक्षित गरिन्छ । बालबालिकाले यु.के.जीमा पुग्दासम्ममा सिकाइका धेरै सीप जानिसकेका हुन्छन् । मुख्य कुरा उनीहरूले जति सिक्छन् त्यसलाई बिर्सदैनन् । उनीहरूलाई नयाँ कुरा सिकाउन आवश्यक (टुल्स) शिक्षण सामग्रीको प्रयोग गरिन्छ । पेन्सिल समाउनेदेखि लिएर बल खेलाउँदै त्यसको गणनासम्मको प्रयोग हुन्छ । गणितीय सीपमा उनीहरू खेल्दाखेल्दै दक्ष भइसकेका हुन्छन् । यस क्रमले हेर्दा बालबालिकाको शैक्षिक विकासको क्रम एवं मानसिक विकासमा अर्थपूण सोच र भाषा विकासमा पनि बालमैत्री शिक्षण सिकाई प्रणालीको प्रयोग गरिन्छ । यो विधि हालैका वर्षहरूमा गरिएका प्रयोगहरूबाट अत्यन्त सफल प्रमाणित भएको छ । यसबाट उनीहरूको समस्या समाधान गर्ने क्षमता मात्र नभई आफैं सिक्न खोज्ने प्रवृत्तिको समेत विकास हुन्छ ।

यसका लागि शिक्षकहरूको मायालु वातावरणमा मनोवैज्ञानिक प्रणालिद्वारा सिकाई प्रक्रिया सञ्चालन गर्नु आवश्यक पर्दछ । यसका साथै बालमैत्री सिकाई पद्धतिमा अध्यायन गर्ने बालबालिकाहरूले घरको वातावरणभन्दा पनि विद्यालयको वातावरण मन पराई रमाइलो अवस्थाको महसुस गर्दछन् । बालमैत्री वतावरणमा अध्ययन गर्ने बालबालिकाहरूले कक्षामा आएपछि रङ्गसँग खेल्ने, विभिन्न कला सिर्जना गर्नका अतिरिक्त योग, सङ्गित, नाटक, नृत्य आदि विधाको बारेमा पनि राम्रो जानकारी हासिल गर्दछन् । शिशुहरू विद्यालय आएपछि उनीहरूलाई कुनैपनि कुराको बाध्यता पारिन्न । सफा वातावरण विद्यालय वरिपरी तथा कक्षा कोठाको सफाई अनि बालबालिका आफै ऐना हेरेर आफ्नो सफाइ आफैं गर्ने बानीको विकास गर्न सक्दछन् । यसका साथै अविभावक तथा शिक्षकहरूले सफा कपडा, उपयुक्त समयमा खाना तथा खाजाको व्यवस्था आदि कुरामा ख्याल राखिने हुनाले त्यो वातावरण बालबालिकाका लागि मैत्रीपूर्ण हुनपुग्दछ ।

## पूर्व बालविकास शिक्षाको महत्व

बालमैत्री रूपमा सञ्चालित सामुदायिक विद्यालयहरूमा बाल विकासको लागि छुट्टै संरचना तयार गरी बाल मैत्रिपूर्ण बातावरणमा बालकको चौतर्फी विकास गराउनु पर्दछ । यस बिषयमा सन् २०१५ सम्म सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत सरकारको प्रस्तावको रूपमा आएको विद्यालय क्षेत्र सुधार कार्यक्रम SSRP मा नीतिगत अवधारणासम्म आएको छ । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) मा उल्लिखित प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लक्ष्यहरूले नै विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालशिक्षा तथा विकास

कार्यक्रमको कार्यान्वयनका लागि आधार प्रदान गरेका हुन् । हाल समुदायमा आधारित तथा विद्यालयमा आधारित गरी मुलुकभर २५ हजार भन्दा बढि बालविकास केन्द्र सञ्चालित छन्, । तीमध्ये विद्यालयमा आधारित पूर्वप्राथमिक कक्षा १६ हजारको हाराहारीमा छन् । र बाँकी समुदायमा आधारित भई सञ्चालित छन् । यसका अतिरिक्त नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्वप्राथमिक शिक्षाको विस्तार र सेवा प्रवाह गर्न संस्थागत विद्यालयहरूको योगदान उल्लेखनीय रहने गर्दछ । तर बालविकास केन्द्रलाई सरकारी संरचनागत संयन्त्रभित्र राखिएको भने छैन । यसकारण विद्यालय क्षेत्र सुधार कार्यक्रमले शैक्षिक गुणस्तरीयताको पूर्वाधारमा नै प्रश्न चिन्ह ? खडा गरेको छ । यदी मुलुकभित्रको शैक्षिक गुणस्तरमा सुधार गर्नुछ भने शैक्षिक जगका रूपमा प्रारम्भिक बाल विकासलाई व्यवस्थित रूपमा अपनाइनु पर्दछ । हालसम्म संचालनमा आएका सामुदायिक विद्यालयका पूर्व बालविकाश केन्द्रहरूको अवस्था हेर्दा समुदायमा प्रारम्भिक बालविकाशको महत्व र ज्ञान भै नसकेको होकी जस्तो लाग्छ । कतिपय विद्यालयहरूमा संचालनमा आएका बालविकाश केन्द्रहरू कक्षा एकसँग गाँसिएको देखिन्छ । छुट्टै भवन तथा ECD बालकेन्द्रित सिकाइका समग्रीको अभाव, बालमैत्री वतावरणको अभावका साथै सहजकर्ता शिक्षकको ब्यबस्था झारो टार्ने खालको मात्र छ । सेवा सुविधाको ब्यबस्था प्रभावकारी छैन । कतिपय समुदायमा अधारित पूर्व बाल विकास केन्द्रहरूमा बालमैत्री पद्धतिमा बालकको चौतर्फि विकास गराइएको छ तर गैह्र सरकारी संस्थाहरूले सहयोग गरिरहेको अवस्थासम्म त राम्रै देखिन्छ तर ती केन्द्रहरूको पनि दिगो ब्यबस्थापनमा समस्या देखिन्छ ।

## बालमैत्री वातावरण नै किन ?

अहिले भइरहेको मुलुकको शैक्षिक अवस्थालाई मध्यनजर गर्दा सम्पन्न वर्गले मात्र सुविधा सम्पन्न एवम् बालमैत्री वातावरण भएको विद्यालयमा पढाइरहेको अवस्था छ । यस्तो शिक्षा नेपालको केही थोरै निजी विद्यालयहरू जसले यो पद्धति अपनाएको देखिन्छ । उदाहरणका रूपमा रातो बङ्गला, जेम्स, शुभतारा, सेन्ट मेरिज, सेन्ट जेभियर आदि विद्यालयहरूले बालमैत्री पद्धतिमा आफ्नै पाठ्यक्रम निर्धारण गरी विद्यालययहरूले चलाएको देखिन्छ । तर त्यस्ता विद्यालयहरू विपन्न वर्गको पहुँचमा छैनन् । किनकी त्यस्ता विद्यालयमा शुल्क ज्यादै महङ्गो छ । यसर्थ त्यो पद्धतिमा शिक्षा प्रदान गर्ने प्रकृया आज हाम्रा ग्रामीणस्तरका सामुदायिक विद्यालयहरूमा पनि चलाउनु पर्ने आवश्यकता छ । स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी सामुदायिक प्राथमिक विद्यालयहरू तथा गैरसरकारी संस्थाहरूका सहयोग र सहकार्यमा सञ्चालित पूर्वप्राथमिक विद्यालय तथा बाल विकास केन्द्रमा यो पद्धति लागु गर्न सकिएको खण्डमा पक्कै पनि विपन्न वर्गको पहूँचमा पनि यो पद्धति पुग्नेछ । त्यसरी यो शिक्षा पद्धतिबाट हाम्रो समुदाय पनि लाभान्वित हुन सक्ने अवस्था निश्चित छ ।

## निष्कर्ष

हाम्रो समाजको बालबालीकाको अबस्थालाई बालमैत्री बातावरणमा सुदृढ गर्नु भनेको देशको भोलिको शैक्षिक जनशक्तिको विकास गर्नु हो । यसको लागि आजैदेखि शैक्षिक गुणस्तरको विकास गर्नका लागि पूर्वप्राथमिक तहको विकासमा ध्यान पुऱ्याउनु जरुरी हुन्छ । यस कार्यमा व्यक्ति, परिवार, समुदाय, स्थानीय निकाय, संघ, सस्था तथा सरकारको आ-आफ्नो स्थानमा महत्वपूर्ण भूमिका रहन्छ । बालबालिकाहरूको बाँच्न पाउँने अधिकार, विकास हुन पाउँने अधिकार, संरक्षण पाउँने अधिकार र सहभागी हुन पाउँने अधिकारसमेत मुख्यरूपमा बालअधिकारका महत्वपूर्ण खम्बा हुन् । यी कुराहरूको प्राथमिकताका साथ हामी सबैले ध्यान पुऱ्याउन सक्यौं भने गुणस्तरीय शिक्षाको आधारशीला कलिलै उमेरमा बन्न सक्दछ । त्यसका लागि हामी सबैको प्रतिबद्धताको खाँचो छ ।

## बिनोद फेरि विद्यालय गए



विनोद श्रेष्ठको परिवार निम्न बर्गिय परिवार हो । बाँसखर्क गाविस-२ बस्ने बिनोद श्रेष्ठ स्थानीय भीम विद्याश्रम माध्यमिक विद्यालयमा कक्षा ६ मा पढन थालेका छन् । उनी विद्यालय जान छाडेको तीन बर्ष भइसकेको थियो । चाइल्ड नेपालले सञ्चालन गरेको OSP कक्षामा पढन गएपछि उनलाई फेरी पढने हौसला जागेको छ । तसर्थ उनी फेरी विद्यालयमा भर्ना भएका छन् । "गणेश शाह सरले मकहाँ पढ्न आऊ, सिकाइदिन्छु भन्नुभयो । अनि म त्यहाँ पढ्न जान थालेँ । पहिला पढ्न छोडेको हुँदा अप्ठ्यारो हुन्छकि भन्ने लागेको थियो, तर सरसँग पढ्न थालेपछि सबै डर हराउँदै गयो", उनले भने । बिनोदले पढ्न छोडेका तीन वर्ष भैसकेको थियो । बिनोदका दुई दाजुहरू काठमाडौं गएपछि घरमा आमा-बुबालाई काममा सहयोग गर्न परेकाले उनी विद्यालय जान छोडेको बताउँछन् । बिनोदले विद्यालय जानका लागि ड्रेस पनि सिलाई सकेका छन् । पाँच दिन ज्याला गर्न गएर ड्रेस सिलाएको बताउने विनोद श्रेष्ठ एस.एल.सी.सम्म जसरी भएपनि पास गर्ने कुरा व्यक्त गर्छन् । अनौपचारिक कक्षापछि विनोद विद्यालय जान थालेको एक महिना जति हुन थाल्यो ।

# गुणस्तरीय शिक्षा सबैको अधिकार



**कृष्ण सुवेदी,** अध्यक्ष, सिएन

संसारले स्वीकारेको सबैलाई शिक्षा भन्ने नारालाई नेपालले पनि आफ्नो बनाएको छ । तदनुकूलका सात लक्षहरू तय गरी कार्यक्रम सञ्चालन भएका छन् । आज शिक्षा, स्वास्थ्य रोजगारी जस्ता सवालहरू पनि गाँस, वास, कपास जस्तै मौलिक अधिकारका रूपमा स्थापित भएका छन् । संयुक्त राष्ट्र संघले पारित गरेको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धीको पक्षराष्ट्र भएपछि त्यसअनुरूपका अधिकारहरूको सुनिश्चिता गराउनु नेपाल सरकारको कर्तव्य हुनआउँछ माथिका दुवै सन्दर्भहरूलाई एकाकार गर्दै यहाँ एउटा थप निश्कर्षको खाँचो देखिनआउँछ । अर्थात दुवै अविभावनाभित्र लुकेका अन्तर्निहीत अभिप्राय पूरा गर्न एक सुदृढ नारा तय गर्नु हतार भइसकेको छ । नाराअनुकूलका नीति, नियम, ऐन, कानूनहरू र त्यसले निर्देशित गरेका कार्यक्रमहरू तय गरी अघि बढनु पर्ने आवश्यकता छ । त्यो भनेको गुणस्तरीय शिक्षा सबैको अधिकार नै हो । सबैका लागि शिक्षा र शिक्षा सबैको अधिकार यी दुवै नाराहरूलाई चरितार्थ र व्यवहारिक रूपमा परिशीलन गर्नका लागि पनि यो नयाँ नाराको आवश्यकता अबको बाटो हो ।

नेपालको सन्दर्भमा शिक्षालाई सर्वसुलभ बनाउने सरकारी प्रयासमा गुणस्तरीयताको अभाव र निजीक्षेत्रको प्रयासमा आम समुदायको पहुँचको अभाव छ । निजी व्यवसायका रूपमा चलेका निजी विद्यालयहरूमा चर्को व्यापारिक अभिष्ट र कमाउने प्रतिश्पर्धा सबैले महशुस गरेकै हो । त्यस बजारमा व्यापक धनराशी लगानी गर्ने थोरैमात्र सफल देखिन्छन् । यस क्षेत्रमा संलग्न बिगहाउसहरूबाट राज्यले सिमित कर असूली गर्नसम्म नसकेको स्थिति छ । प्रगतिशील र पारदर्शी कर प्रणालीको समायोजित नीति ल्याउन नसक्नु र कडाइका साथ परिचालन गर्न नसक्नुमा राज्यको सक्षमता माथि प्रश्न खडा छ । यस परिवेशमा वहुजनको पहुँच अनि सर्वसुलभताको अभाव हुनु स्वभाविक हो । वर्तमानमा यहाँ त्यही बिद्रुप चित्र देखिएको हो ।

यस श्रृंखलाको एउटा सानो हिस्सामा अलिकति उज्यालो पनि छ । यस कार्यबाट नकारात्मकता मात्र हैन सकारात्मक उपलब्धीहरू पनि हासिल भएका छन् । थोरै प्रतिशत नागरिकले भए पनि मुलुकमै अन्तर्राष्ट्रिय स्तरको शिक्षा प्राप्त गर्न सकेका छन् । मुलुकबाट यसै प्रयोजनका लागि बाहिरिने धनराशी बाहिरिनबाट जोगिएको छ । निजीक्षेत्रका साना र ग्रामीणक्षेमा खुलेका कतिपय निजी शैक्षिक संस्थाहरू लगभग सेवामुखि पनि देखिएका छन् । अर्को, कल्याणकारी अभिप्रायका केही निजी गुठीहरू पनि यस क्षेत्रमा संलग्न देखिएका छन् । तर यो संख्या भने अत्यन्त न्यून छ । आदर्शमा आधारित व्यवस्था आम बन्न सक्दैन । यो अर्को यथार्थ हो । निजीक्षेत्रमा कम्पनी र गुठीका साथै सहकारीका माध्यमबाट पनि शैक्षिक संस्था सञ्चालनको नीति ल्याउन सकेको भए यसको विकल्प हुनसक्ने थियो । तात्कालीन अवस्थाका राज्यलाई नीतिगत सुझव दिने तीर्थ खनियाँ जस्ता मुलुकले मानेका विज्ञहरूका सोचमा अपेक्षाकृत दूरदृष्टिको खाँचो र वर्गीय पक्षधरताको कारणले नै सामूहिकताका कुराहरू ओझेल परे हुनन् । त्यसतर्फ अझै सोच र प्रयासहरू केद्रित भएको पाइएको छैन ।

सबैका लागि शिक्षालाई लक्षित गरी तय गरिएको कार्यक्रमले ९४ प्रतिशत विद्यालय उमेरका बालबालिका विद्यालयमा प्रवेश गरिसकेको कागजी सफलता राम्रो देखिए पनि हाम्रो सामाजिक यथार्थता कागज जस्तो छैन । विपन्न, दलीत र सिमान्तिकृत समुदायका बालबालिकाहरूको विद्यालयमा भर्नामा बढोत्तरी देखिए पनि विद्यालय छाडने, कक्षा दोहोऱ्याउने र सिमित छात्रबृत्तिका लागि मात्रै विद्यालयको खातामा नाम दर्ता गर्ने प्रकृयाको लेखाजोखा हुन नसकिरहेको तथ्यलाई खोजी गरी अभिलेखिकरण हुन सकिरहेको छैन । सन् २०१५ सम्ममा १०० प्रतिशत पुऱ्याउने अभियान सफल पार्न राज्य कटिबद्ध छ । हालैका वर्षबाट लागु भएको विद्यालय क्षेत्र सुधार योजनाले पनि त्यसैमा टेकेर आफ्ना लक्षहरू तय गरेको छ । विद्यालयको गुणस्तर अभिबृद्धिका लागि कार्ययोजना त धेरै छन् तर प्रोत्साहनका खास कार्यक्रमहरू छैनन् ।

व्यवसायिक र जीवनमुखि शिक्षाको व्यवस्थित पद्दतिको प्रारम्भ गर्ने कुनै कार्ययोजना ल्याउन सकेका छैनौं । गरीवलाई अझ गरीव बनाउने परम्परागत शिक्षा हामीले दिइरहेका छौं । सिमान्तिकृत र विपन्न वर्गका बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँचमा पुऱ्याउनका लागि राज्यको स्रोत परिचालन गर्ने कुनै ठोस नीति र कार्यक्रमहरू छैनन् । राज्यले शिक्षामा विनिमय गर्ने बजेटको प्रतिशत अझै १७ को हाराहारीमै सीमित छ । अझ विद्यार्थीका टाउका गनेर त्यसमा आधारित रही स्रोत परिचालनको नयाँ प्रकृया थालिएको छ । त्यसबाट पनि गुणात्मकता भन्दा संख्यात्मक अभिबृद्धिको अभिप्राय स्पष्ट देखिन्छ । यसक्षेत्रमा संलग्न शिक्षकलगायतका जनशक्तिको वैज्ञानिक मूल्याङ्कनका आधारमा समुचित पुरस्कार र दण्डको व्यवस्थाको अभाव छ ।

विद्यालय व्यवस्थापन समुदायलाई सुम्पने सन्दर्भ पनि कागजी प्रकारको मात्र छ । त्यहाँ पनि यथार्थमा

व्यवस्थापन पुरानै ढङ्गले चलेको पाइएको छ । वि.व्य.स.हरूका गठनमा राजनैतिक हस्तक्षेप चर्को छ । स्थानीय निकायको अभावमा गाउँ शिक्षा समितिको व्यवस्थापन कार्यान्ययन हुन नसकिरहेको अवस्था छ । बालबालिका र विद्यालय शान्तिक्षेत्र हुनुपर्दछ भन्ने जस्ता अभियानहरूको क्रियान्वयनमा पनि राजनैतिक इच्छाशक्ति देखिएको छैन । राज्यले स्थानीय निकायमार्फत् परिचालन गर्ने बजेटमा बालबालिकाका लागि छुट्याउन अनिवार्य भनिएको रकम लक्षित क्षेत्रमा परिचालन नभइरहेको अवस्था छ र त्यसको अनुगमनको कुनै व्यवस्था छैन । बालबालिकाहरूलाई राजनैतिक र अन्य आपराधिक गतिविधिमा उपयोग गर्ने गलत प्रकृया रोक्न सकिएको छैन । यी र यस्ता हाम्रा समस्याहरू ज्युँदै छन् । यस अवस्थाको निराकरणका नाममा निजीस्रोतका विद्यालय बन्द गर्ने प्रयास पनि भएका छन् । आजको खुला र प्रतिष्पर्धात्मक समाजमा त्यो निषेधको नीति पनि समयसान्दर्भिक हैन । समुचित विकल्प दिएर त्यसलाई निरुत्साहित बनाउनु नै समाधान हो । त्यस अभियानका लागि एक सुस्पष्ट नाराको आवश्यकता छ । त्यो भनेको गुणस्तरीय शिक्षा सबैको अधिकार नै हो । त्यसैले अब हामीले हाम्रो विद्यमान समस्या समाधानका लागि विकल्पसहित अझ अग्लो लक्ष निर्धारण गर्नुपर्छ, अझ सुदृढ उद्देश्य राख्नुपर्छ र अझ सशक्त कार्यक्रम निर्माण गर्नुपर्छ ।

सञ्चारले अत्यन्त सुगम बनाएको आजको विश्वमा अन्यत्रका सफलताका कारकहरूलाई हाम्रो परिवेशमा मिल्दो गरी सिर्जनात्मक परिशीलन गर्न सक्नु आजको आवस्यकता हो । यस प्रसङ्गमा संसारकै विकसित मुलुक अमेरिकामा ८० को दशकदेखि प्रारम्भ भई त्यहाँको विद्यालयीय शिक्षामा महत्वपूर्ण योगदान पुऱ्याउन सफल चार्टर स्कूल प्रणालीलाई पनि लिन सकिन्छ । सहकारीका रूपमा र गैससका रूपमा संगठित भएर शिक्षाका क्षेत्रमा योगदान दिन इच्छुक र क्षमता भएका संस्थाहरूलाई यस क्रममा परिचालित गरी राज्य र समुदायको लगानी प्रवाहित गर्दै गुणस्तरीय शिक्षाको अर्को अभियान प्रारम्भ गर्न सकिन्छ । यस अभियानका माध्यमबाट हाम्रो मुलुकमा भविष्यमा गुणस्तरीय शिक्षा सबैका लागि भन्ने नारालाई व्यवहारमा उतार्न सकिने अवस्था देखिएको छ ।

अन्त्यमा सिर्जनात्मक निरन्तरता पनि एउटा सफलताको कारक हो । यदि हामी पनि निरन्तर सिर्जनात्मक अभियानहरूमा संलग्न हुने हो भने त्यो अभियान सफल हुने निश्चित छ । यो निश्चितताालाई व्यवहारमा परिणत गर्ने हो भने तादाम्यतापूर्ण प्रयास जरुरी हुन्छ । हाम्रो हिजोका सफलताका कथा र यर्थाथहरूलाई लिएर अनि त्यसको प्रेरणालाई शक्तिका रूपमा ग्रहण गरेर यो र यस्तै अभियानहरूमा संलग्न हुन सकेमा हामी सफल हुन्छौं । गुणस्तरीय शिक्षा सबैको अधिकारको अन्तभार्वनालाई चरितार्थ गर्ने छौं ।

## बालविकास केन्द्रमा केटाकेटी बढे

सिन्धुपाल्चोक जिल्लाको थाङपालकोट गाविस-४ मा रहेको रैथानेश्वरी विद्यालयमा २०६४ सालदेखि संचालित श्री रैथानेश्वरी बालविकास केन्द्रमा कक्षा कोठाको अभावले गर्दा सुरुका १० महिनासम्म एक कक्षासँगै संयुक्त रुपमा बालविकास केन्द्र सञ्चालन गरिएको थियो । उक्त बालविकास केन्द्रमा सुरुमा ३० देखि ३५ जनासम्म भर्ना हुने गरेको भएतापनि आवश्यक स्रोत र साधनको अभावका कारण सुविधाको अभावमा बालबालिका कम हुँदै गए ।

आरआरएनसँगको सहकार्यमा चाइल्ड नेपाल द्वारा सञ्चालित गरीब तथा पिछडिएका बालबालिकाका लागि शिक्षा परियोजना अन्तर्गत यस रैथानेश्वरी बालबिकास केन्द्रलाई बालमैत्री शैक्षिक सामग्री तथा कक्षा व्यवस्थापन सहयोग प्राप्त भएपछि स्थितिमा सुधार देखिन थालेको छ । एकजनामात्र सहजकर्ता भएको ठाउँमा दुईजना सहजकर्ता भए । सहजकर्तासम्बन्धी तालिम भयो, बालबालिकाका लागि खेल सामग्री, शैक्षिक सामग्री, कक्षाकोठा व्यवस्थापन गर्नका लागि कार्पेट, बस्नको लागि कुसन र बालबालिकाका लागि खाजा कार्यक्रम सञ्चालन गर्न पकाउने र खाने भाडाहरू सहयोग भयो । सहजकर्ताहरूले स्थानीय स्रोत साधनबाट खेलसामाग्रीहरू तयार गरे, आमाहरूलाई परिचालन गरेर खाजा कार्यक्रम सुरु गरियो । खानाका लागि प्रत्येक अभिभावकले मासिक तीस रुपियाका दरले नगद रकम र मासिक चारमाना चामल उठाउने गरेका छन् ।



सहजकर्ता दिपीका बस्नेत भन्छिन् "बालबालिकाका लागि खेलसामाग्री सहयोग गर्ने र खाजा कार्यक्रम सुरु भएपछि वालबालिको संख्यामा दोब्बर बृद्धि भयो" । दुईजना सहजकर्ता हुँदा बालबालिकाको राम्रो हेरचाह गर्न सकेको कुरा पनि उनी बताउँछिन् । दिउँसो एक बजे घरजाने बालबालिका चार बजेसम्म बालबिकास केन्द्रमा बसेको जानकारी विद्यालयका प्र अ धर्मनारायण शाहले व्यक्त गर्नुभयो । बालबालिकाहरू चार बजेसम्म विद्यालयमा रमाउने हुँदा आमाबुबालाई पनि घरको काममा सजिलो भएको कुरा केन्द्र कै एक बालिकाकी आमा सुबि तामाङ बताउँछिन् ।

# शिक्षामा गुणस्तर सुधारका लागि जागरूकता देखिन थाल्यो



## तालिमबाट सिकाई

आरआरएनले दिएको शिक्षक तालिम र अध्ययन भ्रमणबाट आफु निक्कै प्रभावित भएको विचार राख्नुहुन्छ कालिदेवी उ.मा.वि.फुलासीका प्र.अ. राजकुमार बोहरा । उहाँकै शब्दमा "एकदिन शिक्षक साथीहरूलाई बैठक राखेर अध्ययन भ्रमणमा देखेको र सिकिएका कुरालाई एक आपसमा अनुभव आदनप्रदान गरी विद्यालयमा शिक्षण विधि विद्यार्थीमूखी बनाउने सोचाई रहेको छ । मैले के महशुस गरेको छु भने आन्तरिक स्रोत परिचालन गरी कक्षा कोठाको वातावरण बालमैत्री सिकाईको अनुभूति कक्षाकोठा (त्यहाँबाट) बाट सुरू हुने कुरा थाहा पायौं । हुन त यो शिक्षक पेशाले कपाल फूलिसक्यो, तर सिकाई र बुझाईको पाटो अथाह रहेछ । हामी जहिले पनि आफ्नो भनाई र विचार लाद्ने मात्रै गर्दा रहेछौं । जब शैक्षिक अध्ययन भ्रमणमा हामी जनउद्धार प्रा.वि. केराघारी पुग्यौं र त्यहाँको कक्षाकोठाको व्यवस्थापन, सामग्रीको सजावट र नवजागृती निमाविं कपनको शिक्षक तथा विद्यालय व्यवस्थापन समिति र स्थानीय नागरिक समाजको भूमिका र जिम्मेवारी बारे बुझ्यौं (पेशाभन्दा माथि उठेर काम कर्तव्यको जिम्मा महत्वपूर्ण हो भनी टिमवर्क गरी हाल त्यो ठाउँमा ल्याइपुऱ्याएको अवस्था) लाग्यो चुनौतीका पहाड पोर्न इच्छाशक्ति र इमान्दारीता नै चाहिने रहेछ । जसले गर्दा आज शैक्षिक व्यवस्थापनमा सुधार र गुणस्तरीय शिक्षाको नमूना पाइयो हामीले सिक्ने पाटो पनि त्यही नै हो ।"

## बालकक्षा व्यवस्थापन

बौद्ध माविका प्र.अ. भिमबहादुर श्रेष्ठ भन्नुहुन्छ, मेरो विद्यालयमा पनि एउटा कक्षा कोठा शिशु (प्रारम्भिक बाल विकास केन्द्र) केन्द्रको छुट्टै सफा र चिटिक्क परेका बालमैत्री वातारवरण बनाउने सोंच छ । हामीले अध्ययन भ्रमण र आधारभूत बाल केन्द्रित सिकाई तालिमबाट के सिक्यौं भने आन्तरिक स्रोत परिचालन गरी बाल कक्षा कोठामा विभिन्न बाल मनोविज्ञानलाई टेवा दिने खालका शैक्षिक सामाग्रीको प्रयोग तथा सजावट गरी राखेमा बालबालिकालाई स्वःस्फूर्त बालसिकाई अनूभूति दिलाउन सकिन्छ भन्ने मैले महसुस गरेँ । त्यसकारण हामी एउटा कक्षा कोठा छुट्टै बनाई बालमैत्री वातावरणमा बाल सिकाई केन्द्रीत कक्षा कोठा तयार गरी नियमित बालकक्षा सञ्चालन गर्ने हाम्रो विद्यालय व्यवस्थापन, अभिभवक र शिक्षक साथीरूको सोंच छ । यो हाम्रो शैक्षिक विकास गर्ने प्रतिवद्धता हो ।

## छात्रवृति सहयोग कार्यक्रम

बौद्ध माविका प्र.अ. भिमबहादुर श्रेष्ठ भन्नुहुन्छ, व्यवहारिक रूपमा जिल्ला शिक्षा कार्यालयबाट



*काकलिङ उ.मा.वि.का विद्यार्थीहरू (दोरम्बा, रामेछाप)*

छात्रवृत्ति सहयोग कार्यक्रमवापत नगद स्वरूप दिएको नगद एकमुष्ट बुवा, आमालाई तथा अविभावकलाई दिन्छ तर कपडामा नै प्रयोग हुँदैन । हाल हामी सबैले त्यही बराबरको रकमले कपडा किनिदिन्छौ जसले गर्दा बालबालिकाल प्रत्यक्ष लाभान्वित भई बालबालिकामा आत्मसाथ गरी पढ्नमा जोश जाँगार लाग्न थालेको छ ।

## अध्ययन भ्रमणबाट सिकाई

काकलिङ उमाविका प्र.अ. कविन्द्र तामाङ भन्नुहुन्छ, यो अध्ययन भ्रमणले शैक्षिक उर्जा प्रदान गरेको छ । सरसर्ती ३ वटा विद्यालयहरूको अध्ययन अवलोकन गर्दा कक्षा कोठाको व्यवस्थापन, राजनैतिक हस्तक्षेप नभएको, शिक्षकहरूको क्षमता विकास, विद्यालयमा (व्यवस्थापन समिति, शिक्षक, अविभावक, नागरिक समाज) टिमवर्क, विद्यालयमा आर्थिक कारोवारमा पारदर्शिता, विद्यार्थी वीच एक अपासमा अन्तरक्रिया गर्न सजिलो भएको र शिक्षकलाई पनि शिक्षण विधि अध्यपन गर्नमा सजिलो, पूर्वाधारको समुचित व्यवस्था भएको पाइयो ।

त्यसैगरी प्रारम्भिक बाल शिक्षा कार्यक्रम शैक्षिक सामाग्रीको सजवाट, छुट्टै कक्षा कोठाको व्यवस्थापन, बालबालिकालई कक्षा कोठामा सिक्ने वातावरण, सिकाउनेभन्दा पनि सिक्नमा मद्दत पुऱ्याउने वातावरण, पुस्तकालय व्यवस्थापन, सबै शिक्षकहरूबाट बार्षिक कार्ययोजना बनाउने बेलामा विव्यस, शिक्षक र अविभावकँगै बसेर बनाउने, शिक्षकको व्यवहार, शिक्षण विधी कार्यक्रम अपनाइएको पाइयो । जसले गर्दा सजिलै बालमनोविज्ञानले प्रत्यक्ष रूपमा प्रभाव पारी कक्षा कोठामा बस्न, खेल्न र सिक्नमा मद्दत पुग्ने दखिएको पाइयो । यो अनुभावलाई हामीले पनि लागु गर्ने विचार छ, अनि गुणस्तर सुधार गर्न शिक्षकहरूकै व्यवहारमा परिर्वतन आउन जरुरी ठान्नु हुन्छ काकलिङ उमाविका सहायक प्रधानाध्यपक मविन थिङ तामाङ ।

# परियोजनाका गतिविधिहरू

**गरीब, विपन्न तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालन भएका ३ जिल्लाका १५ गाविसहरूमा निम्न किसिमका कार्यक्रम गतिविधिहरू सञ्चालन भएका छन् ।**

## छात्रवृत्ति कार्यक्रम



*एक बालिकालाई शैक्षिक सामग्री प्रदान गर्दै परियोजनाका व्यवस्थापक भानु पराजुली (बाँसखर्क, सिन्धुपाल्चोक)*

पहिलो वर्ष तीनैवटा जिल्ला (दोलखा, रामेछाप र सिन्धुपाल्चोक)का कार्यक्रम संचालन भएका गाविसबाट छनौट भएका २५ विद्यालयहरू र अन्य २० विद्यालयहरू गरी ४५ विद्यालयहरूबाट गाउँ शिक्षा समिति, र विद्यालय व्यवस्थापन समिति र शिक्षक मार्फत पहिचान भइ आएका गरिब तथा जोखिममा परेका ११३७ बालबालिकाहरूलाई छात्रवृत्ति स्वरुप झोला, विद्यालय ड्रेस कपडा र शैक्षिक सामग्री वितरण गरिएको छ । जसबाट ७७५ बालिकाहरू, २२७ दलित र ६८० जनजातिका बालिबालिका लाभान्वित भएका छन् ।

## विद्यालय सुधार योजना (एसआईपी) विषयक रणनीति योजना गोष्ठि

शिक्षाको गुणस्तर वृद्धि गर्न तीनै जिल्लाका नमुना विद्यालयका लागि छनौट भएका २५ विद्यालय समुदायका १७५ जना सरोकारवालाहरू( वि.व्य.स,अभिभावक,शिक्षक, बाल क्लब, स्रोत व्यक्ति, नागरिक समाजका पदाधिकारी)को उपस्थितिमा विद्यालय सुधार योजनाको समिक्षा गरी भावी रणनीतिक योजना तर्जुमा सम्बन्धि प्रशिक्षण गोष्ठि सम्पन्न भएका छन् ।

उक्त गोष्ठिहरूमा सिन्धुपाल्चोकमा ५७ जना, दोलखामा ८८ र रामेछापमा ३० जनाको उपस्थिति रहेको थियो ।

## विद्यायलमा आधारभूत पुस्तकालय स्थापना

विद्यालय शिक्षामा गुणस्तर वृद्धि गर्न पुस्तकालयको ठूलो महत्व हुने हुँदा २५ विद्यालय ( रामेछाप ९, दोलखा ८ र सिन्धुपाल्चोक ८) हरूलाई मागमा आधारित अत्यावश्यक पुस्तक तथा शैक्षिक सामग्रीहरूको व्यवस्था र सहयोगको क्रम जारी रहेको छ ।

## पूर्व बालविकास केन्द्रहरू

३देखि५ वर्ष उमेर समूहका बालबालिकको चौतर्फी विकास र शिक्षाका लागि सामुदायिक विद्यालयमा आधारित ३० प्रारम्भिक बालबिकास केन्द्रहरूलाई सहयोग गर्ने परियोजनको कृयाकलाप अन्तर्गत पहिलो वर्ष तीन जिल्लाका १५ बटा बालविकास केन्द्रहरूलाई एकिकृत सहयोग भएको छ । जसमा कार्पेट, खेल्ने सामग्री, टिफिन वक्स, भाडाकुडा, र शैक्षिक सामग्रीहरू गरी बालकेन्द्रका २० जना महिला सहजकर्ताहरूलाई बालमैत्री र बाल विकासका आयाम विषयक तालिम चरिकोट देलखामा दिइएको थियो ।



*बालविकास केन्द्रमा बालबालिका रमाउदै*

## कम्प्युटर र बालमैत्री सफ्टवेर सहयोग

१० माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरूलाई दिने सहयोगमा हाल दोलखाका ३ र सिन्धुपाल्चोकका ३ गरी ६ बटा बिद्यालयहरूमा कम्प्युटर र बालमैत्री सफ्टवेर सहयोग गर्ने योजना रहेको छ । विजुलीको सुविधा पुगी नसकेको रामेछापका विद्यालयहरूमा हालैको सुचना अनुसार केही समयमा सोलार प्यानल जडान हुने हुँदा सहयोग गर्ने योजना रहेको छ ।

## सामुदायिक अध्ययन केन्द्रहरूलाई सहयोग



*सामुदायिक अध्ययन केन्द्रको निर्माणधीन भवन (दुवाचौर गाविस, सिन्धुपाल्चोक)*

कार्यक्रम संचालन भएका तीन जिल्लाका १५ गाविसका सामुदायिक अध्ययन केन्द्रहरू सबैको सुदृढिकरण गर्ने कार्य भइरहेको छ । जसमा जिल्ला शिक्षा कार्यालयबाट स्वीकृति प्राप्त भएका दोलखा र सिन्धुपाल्चोकका १० वटा गाविसस्तरीय सा.अ.केन्द्रहरूको लागि अभिमुखिकरण, फर्निचर, पुस्तकालय र कम्प्युटर प्रिन्टर सहयोग गर्ने कार्य भएको छ भने रामेछापको हकमा कम्प्युटर र प्रिन्टर सहयोग अहिलेलाई स्थागित रहेको छ । किन भने रामेछापका गाविसहरूमा बिजुलीको सुविधा पुगि नसकेको र कतै सोलार प्यानलद्वारा कम्प्युटर संचालनमा ल्याउन सकिने अवस्था सिर्जना भएपछि सहयोग गर्ने योजना रहेको छ । नेपाल सरकारको शिक्षा नीति अनुसार सामुदायिक अध्ययन केन्द्रको मुल उद्देश्यका अगाढि बढ्न सकियो भने यी १५ गाविसका १०३ विद्यालयहरूका शिक्षक,विद्यार्थी र अभिभावक सहित २० हजार नागरिक लाभान्वित हुनेछन् ।

## सघन शिक्षक तालिम

विद्यालय शिक्षा र शिक्षक तालिममा ठूलो अनुभाव बोकेका मुख्य प्रशिक्षक एकराज घिमिर, काठमाण्डौ र



*बालकेन्द्रित शिक्षण सिकाई तालिम (सिन्धुपाल्चोक)*

जिल्ला शिक्षा कार्यालयका १,१ जना स्रोत व्यक्तिद्वारा दोलखा र रामेछापका कार्यक्रम संचालन भएका विद्यालयका ५८ जना शिक्षकहरूलाई सघन शिक्षक तालिमहरू दिइएको थियो । त्यस्तै सिन्धुपाल्चोकको मेलम्चीमा २९ जना शिक्षकहरूलाई तालिम दिएको थियो ।

## अनौपचारिक शिक्षा

विद्यालय छाडेर गाउँ समुदायमै बसेका बालबालिकाकाहरूको पहिचान गरी तीन जिल्लाका १२ गाविसका जम्मा २४२ ( १४२ केटी) जना विभिन्न उमेर समूहका केटाकेटीहरूलाई पुन विद्यालय फर्काउन अभिप्रेरित गर्ने र आयमूलक तालिम दिलाउन ९ वटा कक्षामार्फत परामर्श दिने कार्य भएको छ । कक्षा सन्चालन पुर्व सहजकर्ता शिक्षकहरूलाई अभिमुखिकरण गरिएको थियो । जहाँ दलित ४७, जनजाति १७८ र अन्य १७ रहेका छन् ।



*विद्यालयबाहिरका बालबालिकाका लागि संचालित अनौपचारिक कक्षामा सहभागी बालबालिकाहरू*

## बालबालिका केन्द्रीत शिक्षण सिकाई

सामुदायिक विद्यालयका शिक्षकहरूले आधारभूतस्तरका कैयन तालिमहरू पाइएको भेटिए पनि बालमैत्री पठनपाठनलाई व्यवहारिक र गुणत्मक अभ्यास गर्नका लागि तीनै जिल्लाका ८२ जना शिक्षकहरूलाई आधारभूत बालकेन्द्रीत शिक्षण सिकाई बारेको जिल्लैपिच्छे १,१ वटा तालिमहरू सम्पन्न भएका छन् । रातो बंगलाका शिक्षीका सफला राजभण्डारी मुख्य प्रशिक्षक र सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट १,१ जना सहप्रशिक्षकको व्यवस्था तालिममा गरिएको थियो ।

## विज्ञान प्रयोगशाला सामग्री सहयोग

दोलखा, रामेछाप र सिन्धुपाल्चोकका २,२ उमाविहरूमा स्थानीय विषय र मागका आधिारमा विज्ञान प्रयोगशाला सामग्री तथा उपकरणहरू सहयोग उपलब्ध गराइएको छ ।

## अतिरिक्त क्रियाकलापहरू

बालबालिका तथा विद्यालय शान्ति क्षेत्र हुन् भन्ने भावनाको विकास गराउन स्थानीय युवा क्लब र विद्यालय समुदाय मिलेर अतिरिक्त क्रियाकलापहरू संचालित भएका छन् । जसअन्तरत भलिवल प्रतियोगिता, कविता तथा निवन्द, वक्तृत्व कला र गीत-संगीत जस्ता सांस्कृतिक कार्यक्रमहरू सम्पन्न भएका छन् । सिन्धुपाल्चोकको दुवाचौर बालसुधार मा.वि., रामेछापको काकलिङ उ.मा.वि., देलाखाको गैरिमुदी लगायतका विद्यालयहरूको प्रङगणमा भलिवल प्रातियोगिता भएका थिए ।




*भलिबल प्रतियोगिताका विजयी टोली शान्ती रनिङ शिल्ड ग्रहण गर्दै*

## गाउँ शिक्षा तथा अनुगमन समितिहरू

कार्यक्रम लागू भएका १५ गाविसहरूमा गाविसस्तरीय गाउँ शिक्षा समिति (सामुदायिक अनुगमन तथा मूल्यांकन समिति)हरू गठन भइ गाउँको शिक्षामा पहुँच र गुणस्तर बृद्धि गर्ने अभियानमा लागी परेका छन् । गाउँ शिक्षा समितिहरूले गाउँका सामुदायिक विद्यालयहरूको योजना, गाविस योजना, शिक्षा बजेट, बालबालिकाको अवस्था, विद्यालय भर्ना, विद्यालय बाहिरका बालबालिकालाई शिक्षामा पहुँच लगायतका शिक्षा क्षेत्रका गाउँका समस्या पहिचान, योजना तर्जुमामा विद्यालयहरूलाई सहयोग गर्दै गुणस्तर शिक्षाका कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्ने कार्यक्रम रहेको छ ।

## विद्यालय व्यवस्थापनमा शैक्षिक अध्ययन भ्रमण

बालबालिकाका लागि शिक्षा कार्यक्रम अन्तरगत तीन जिल्लाका १५ गाविसहरूका शिक्षकहरू, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, बाल क्लब लगायतका पदाधिकारीहरूका लागि गुणस्तरीय शिक्षा र विद्यालय व्यवस्थापनमा सुधार गर्ने उद्देश्यका साथ सिन्धुपाल्चोक, काभ्रे, काठमाडौं, गोर्खा र कास्की जिल्लाका नमूना विद्यालयहरूको शैक्षिक अध्ययन भ्रमणको आयोजना गरिएको थियो ।

## विद्यालय तथा सामुदायिक सरसफाई तालिमः

बालबालिका र विद्यालय सरसफाईले शैक्षिक वातावरणमा ठूलो भूमिका खेल्ने हुँदा समुदाय तथा विद्यालयको अगुवाइमा पूण सरसफाईको तालिम तीनै जिल्लाका विद्यालयका शिक्षकहरूलाई तीन ठाउँमा दिइएको थियो । जिल्ला जनस्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मीहरूबाट तीन जिल्लाका मेलम्ची, मैनापोखरी र दोरम्बामा उक्त तालिमहरू सम्पन्न भएका थिए । तालिमबाट विभिन्न विद्यालयका वातावरण तथा स्वास्थ्यका शिक्षक र अन्य गरी ७५ जना शिक्षकहरू लाभान्वित भएका छन् ।

## प्रकाशकीय

युरोपियन यूनियनको आर्थिक सहायतामा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)द्वारा मध्यमाञ्चलका दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लामा संचालित 'विपन्न गरीब तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रम' र यस अन्तर्गत सञ्चालन भएका विभिन्न क्रियाकलापहरूका बारेमा सम्बन्धित सरोकारवालाहरू, सरकारी निकायहरू, गैरसरकारी संघसंस्थाहरू, राजनैतिक दलहरू, सामुदायिक संघसंस्थाहरू त्था ग्रामीण समुदायमा जानकारी गराउने उद्देश्यले प्रकाशित 'शिक्षा पहुँच' नामक अर्धवार्षिक बुलेटिनको पहिलो अङ्क यहाँहरूको हातमा छ । यस बुलेटिनमार्फत् आरआरएनले दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाहरूमा सञ्चालित बालबालिक शिक्षा कार्यक्रम लगायत अन्य सम्बन्धित कार्यक्रमहरूका गतिविधिसम्बन्धी संक्षिप्त समाचारका साथै अन्य उपयोगी र जानकारीमूलक सामग्रीहरू पनि नियमित रूपमा प्रकाशन गर्ने उद्देश्य राखेको छ ।

यस बुलेटिनलाई पठनीय र जानकारीमूलक बनाउनका लागि हामी तपाईहरूबाट निरन्तर सुभ्काव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं । यसका साथै आगामी अङ्कको लागि आफ्ना अमूल्य लेख, रचना तथा सुभ्कावहरू पठाई बुलेटिन प्रकाशनमा सहयोग गरिदिन हुन समेत यहाँहरू सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रमका लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा प्रकाशित**

**सम्पर्क ठेगानाः**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।
फोनः ४००४९७६, ४४००४९८५, फ्याक्सः ४००४५०८, ४४४३४९४
इमेलः rrn@rrn.org.np वेबसाइटः www.rrn.org.np